# कृष्ण बैजनाथ बहुमुखी क्याम्पस

शुक्लाफाँटा न.पा.-१०, झलारी, कञ्चनपुर
सुदूरपश्चिम प्रदेश

# वार्षिक प्रगति प्रतिवेदन

## २०८२

फोन नं. ०९९-५४०१८७.
E-mail: kbmc10jhalari@gmail.com

## कार्यकारी सारांश (Executive Summary)

शिक्षा विकासको आधारशीलाको रुपमालिने गरेको पाइन्छ । दक्ष र प्राविधिक जनशक्ति उत्पादन गरी समाज र देशलाई उन्नतितर्फ अग्रसर गराउने माध्यमं नै शिक्षा हो । परिवर्तनशील समाजमा व्यक्तिलाई समायोजन गराई व्यक्तिको चौतर्फि विकासमा शिक्षाले महत्वपूर्ण भूमिका निर्वाह गरेको हुन्छ । त्यसैले शिक्षाको विकासकालागि स्थानीय जनसमुदाय, सरोकारवाला देखि लिएर केन्द्रीय स्तर सम्ममा सबैले आ-आफ्नो क्षेत्रबाट सक्दो सहयोग र योगदान पुर्‍याउनु पर्ने देखिन्छ । अविकसित र विकाशोन्मुख देशमा अझै सम्म पनि शिक्षाको पहुँच पुग्न सकेको छैन । घरदैलो देखि टाढा गएर उच्चशिक्षा हासिल गर्नुपर्ने बाध्यता भएकाले पुरुषहरुको तुलनामा महिला (छोरी, बुहारी) हरुको स्थिति झन दयनीय रहेको पाइन्छ । शिक्षामा सबैको पहुँच र उच्चशिक्षाको अवसर प्रदान गर्ने अभिप्रायले यस समाजका अग्रज बुद्धिजीवी, व्यक्तित्व तथा अभिभावकहरुको संयुक्त प्रयासमा सुदुरपश्चिम प्रदेश अन्तरगत कञ्चनपुर जिल्ला शुक्लाफाँटा नगरपालिका वार्ड नं. १० झलारीमा उच्चशिक्षा आर्जन गर्ने विद्यार्थीहरूको बढ्दो चाप र स्थानीय अभिभावकहरूको माग समेतलाई दृष्टिगत गर्दै, स्थानिय स्रोत साधनको अधिकतम उपयोग र परिचालन द्वारा स्थानिय स्तरमा गुणस्तरीय उच्चशिक्षाको अवसर उपलब्ध गराउने पवित्र उद्देश्यले स्थानीय स्तरमा क्याम्पसको व्यवस्थापन र सञ्चालनको लागि वि. सं. २०६७ मा त्रिभुवन विश्व विद्यालयबाट व्यबस्थापन सङ्काय बी. बी. एस.को सम्बन्धन प्राप्त गरी सामुदायिक क्याम्पस कृष्ण बैजनाथ बहुमुखी क्याम्पसका नामले विधिवत् रुपमा सञ्चालनमा ल्याइएको थियो । शिक्षालाई अझै फराकिलो र व्यापक पार्दै वि. सं. २०६९ सालमा बी. एड., २०७८ सालमा एम. बी. एस. तथा २०७९ साल एम. एड. मा समेत सम्बन्धन प्राप्त गरी दक्ष जनशक्ति उत्पादनमा र राष्ट्रको विकासमा यस क्याम्पसले महत्वपुर्ण भूमिका खेल्दै आइरहेको छ । यस क्याम्पसले उत्पादन गरेको जनशक्ति नेपाल सरकारको निजामती कर्मचारी, बैंङ्कि, सेना, प्रहरी, स्वास्थ्य सेवाआदि क्षेत्रमा आफ्नो प्रतिभाको प्रदर्शन गरी क्याम्पसको नाम उच्च पारिरहेका छन् जुन यस क्याम्पस तथा सरोकारवालाहरुका लागि गौरव तथा सम्मानको कुरा हो । तत्कालिन समयमा क्याम्पसको नाममा जग्गा नभएकाले यस क्याम्पस सञ्चालक समितिका अध्यक्ष तथा सदस्यहरुको अथक प्रयासबाट वि. सं. २०७२ यस क्याम्पसको नाममा ५ कट्ठा १४ धुर जग्गा खरिद गरिएको र UGC को रु एक करोड अनुदान सहयोगमा ३ तले तथा सुदूरपश्चिम प्रदेश सरकार सामाजिक विकास मन्त्रालयको अनुदान सहयोगमा ४ कोठे २ तले भवन निर्माण कार्य पुरा भैसकेको छ ।

कृष्ण बैजनाथ बहुमुखी क्याम्पसले तयार गरेका वित्तीय विवरणहरु लेखाका सर्वमान्य सिद्धान्त तथा प्रचलित कानून बमोजिम तयार गरे नगरेको सम्बन्धमा नेपाल लेखा परीक्षणमान बमोजिंम लेखापरीक्षण गरी सो विवरणले क्याम्पसको आय-व्ययको सहीत यथार्थ अवस्था चित्रण गरे नगरेको सम्बन्धमा रायव्यक्त गर्ने उद्देश्यले रजिष्टर्ड लेखा परीक्षकबाट लेखापरीक्षण गरिदै आएको छ र लेखापरीक्षण अवलोकन, प्रतिवेदनमा उठाइएका सुझावहरु समस्याहरु न्युनीकरणका लागि गरिएका प्रयासहरु प्रतिवेदनमा प्रस्तुत गरिएको छ ।

कृष्ण बैजनाथ बहुमुखी क्याम्पस देशकै अग्रणी शैक्षिक संस्थाको रुपमा बिकसित भइरहेको भएतापनि भौतिक पूर्वाधार तथा उपकरणहरुको अपर्याप्तता, प्राविधिक विषय सञ्चालन गर्न नीतिगत समस्या, अन्तर्राष्ट्रिय सम्बन्ध विस्तारमा समस्या, न्युन शिक्षक विद्यार्थी अनुपात, विद्यार्थी उत्तीर्ण प्रतिशतमा उल्लेख्य सुधार हुन नसकेका जस्ता समस्या तथा चुनौतीहरु विद्यमान रहेका छन

कृष्ण बैजनाथ बहुमुखी क्याम्पसका समस्या तथा चुनौतीहरु सम्बोधन हुने गरी भौतिक पूर्वाधार विकास, प्राज्ञिक उत्कृष्टताको लागि संस्थागत क्षमता विकास, विद्यार्थी कल्याण र अतिरिक्त क्रियाकलाप, वित्तीय स्रोत व्यवस्थापन र संस्थागत सुशासन तथा क्याम्पस समुदाय सम्बन्ध आदिमा सुधार ल्याउनको लागि क्याम्पसले आगामी ३ वर्षको लागि रणनीतिक विकास योजना तर्जुमा गरि लागू गरेको छ ।

## विषय सूची

१. पृष्ठभूमी (**Background**)
२. प्राज्ञिक/शैक्षिक प्रगति(**Academic Progress**)
२१ भर्ना प्रवृत्ति विश्लेषण (**Enrollment Trend Analysis**)
२.२ उत्तीर्ण दर प्रवृत्ति विश्लेषण (**Pass Rate Trend Analysis**)
२.३ स्नातक र प्रवृत्ति विश्लेषण (**Graduate Trend Analysis**)
२.४ शैक्षिक कार्यक्रमहरु (**Academic Programmes**)
२. शैक्षणिक विधिहरु (**Educational Pedagogy**)
३. भौतिक प्रगति (**Physical Progress**)
३.१ पूर्वाधार विकास (**Infrastructural Development**)
३.२ शैक्षिक सहयोग (**Educational Aids** )
३.२. १ शैक्षिक उपकरणहरु (**Educational Equipments**)
३.२.२ पुस्तक, जर्नल र सन्दर्भ सामग्रीहरु
(**Books Journals and ReferenceMaterials** )
३.२.२ फर्निचरहरु (**Furnitures**)
४. वित्तीय प्रगति (**Financial Progress**)
४.१ वित्तीय स्रोत तथा आय विश्लेषण
(**Analysis of Financial Resources Income**)
४.३ गत वर्षको लेखापरीक्षण अवलोकन, सुझावतथा समस्या न्युनीकरणका प्रयासहरु
(**Audit Observations/Issues, Recommendation and Steps Taken to Mitigate the Issues Raised by Audit Observations in the Last Fiscal last year**)
५. सामाजिक प्रगति (**Social Progress**)
६. समस्या तथा चुनौतीहरु ( **Issues and Challenges**)
६.१ समस्या तथा चुनौतीहरु ( **Issues and Challenges**)
६.२ समस्या तथा चुनौतीहरु न्यूनीकरणका उपायहरु
(**Mitigation Measures Taken to Address the Issues and Meet the Challenges**)
६.३ समस्या तथा चुनौतीहरु सम्बोधन गर्ने योजना
(**Plan for Addressing the Issues and Challenges**)
६.४ वार्षिक कार्ययोजना तथा बजेट (**Annual Work Plan and Budget**)

## १) पृष्ठभूमी (Background

यस कन्चनपुर जिल्लाको शुक्लाफांटा नगरपालिका वार्ड नं. १० मा स्थापित **कृष्ण बैजनाथ वहुमुखी क्याम्पस** यस क्षेत्रको एक मात्र त्रि.वि.बाट, सम्बन्धन प्राप्त सामुदायिक क्याम्पस रहेको व्यहोरा यहाँलाई विदितै छ । भौगोलिक दृष्टिकोणबाट हेर्ने हो भने यो क्याम्पस कन्चनपुर जिल्लाको ठिक मध्य भाग शुक्लाफाटा नगरपालिकाको पनि मध्य भागमा स्थापित छ । कृष्णपुर नगरपालिका, लालझाडी गाँउपालिका तथा स्वयंम शुक्लाफांटा नगरपालिकाको ग्रामिण स्थानमा बस्दै आएका सयौ अभिभावकहरुका छोरा, छोरी, वुहारीहरुलाई स्नातक तहको शिक्षा सर्वसुलभ तथा गुणस्तरीय रुपमा हांसिल गर्न सकुन भन्ने मुख्य उद्देश्य र लक्ष्य लिई यस क्याम्पसको स्थापना भई सञ्चालनमा रहेको व्यहोराको निवेदन गर्न चाहन्छु ।

स्थापना संगै सुनौलो भविष्य र थुप्रै चुनौति तथा भौतिक, भौगोलिक, आर्थिक समस्या भए पनि यस ग्रामिण भेगमा बसोबास गर्ने आम जनताहरुलाई लामो समय देखि उच्च शिक्षा हासिल गर्ने संस्थाको रुपमा स्थापित भएको छ । श्री कृष्ण उ. मा. वि. को आर्थिक तथा भौतिक सहायोगमा संस्थाले पाईला टेकेको भए पनि हाल कम्तिमा २७ कोठाको भवन निर्माण भई शिक्षालाई सर्वोपरी विकासको मूल आधार मान्ने सम्पूर्ण महानुभावहरु, सरकार, संघ संस्था, सरकारी कार्यालय, सामाजिक विकास मन्त्रालय, UGC समेतको सहयोगबाट सञ्चालित यस क्याम्पसले पछिल्लो समयमा भौतिक, शैक्षिक, आर्थिक प्रगती गर्दै अगाडी बढी रहेको व्यहोरा पनि यहाँहरुमा सहश्र अवगत गराउन पाउँदा खुशी लागेको छ ।.

त्रिभुवन विश्व विद्यालयवाट २०६७ सालमा स्नातकतह व्यवस्थापन सङ्काय (बी.बी.एस.), २०६९ सालमा शिक्षा शास्त्र सङ्काय (बी.एड.), २०७८ सालमा स्नातकोत्तर तह एम. बी. एस. तथा २०७९ सालमा स्नातकोत्तर तह एम. एड. कार्यक्रमको सम्बन्धन प्राप्त गरी सञ्चालनमा रहेको छ । ४ जना शिक्षक र ३१ जना विद्यार्थीवाट प्रारम्भ गरिएको यस क्याम्पसले आफ्नो छोटो समयमै फड्को मार्दै हाल २१ जना शिक्षक, ५ जना कर्मचारी तथा ५७३ विद्यार्थीहरुलाई अध्ययन अध्यापन गराउन सफल रहेको छ ।

पछिल्लो सयमामा संस्थाले आफ्नो नतिजामा समेत फड्को मार्दै गर्दा विद्यार्थीको चाप समेत जिल्ला भरी नै उच्च रहेको छ झण्डै २७ कोठा सम्म भवन निर्माण गरि सञ्चालनमा रहेको छ । आफ्नै नाममा जग्गा खरिद गरी क्याम्पसले रातो पुर्जा प्राप्त गर्न सफल भएको छ । उक्त जग्गामा UGC को रु.१,००,००,०००। र सामाजिक विकास मन्त्रालयको रु. ५०,००,००० अनुदानले १५ कोठाको भवन निर्माण सम्पन्न भई सकेको छ । UGC को रु.७,५०,०००। उपकरण अनुदान तथा रु.५,००,००० अनुदान बाट पुस्तक खरिद सम्पन्न भई सकेको छ । आ.व.२०८१/०८२ का लागि सुदूरपश्चिम प्रदेश सरकार सामाजिक विकास मन्त्रालय बाट भौतिक संरचना निर्माणका लागि रु.१,००,००,००० विनियोजन भएको बजेटबाट २ कोठे भवन, पक्की घेर पर्खाल, गेट, खानेपानी टंकी निर्माणधिन अवस्थामा छन् साथै आ. व. २०८२/०८३ का लागि अधुरोकार्य सम्पन्न गर्न रु १०,००,००० बिनियोजन गरिएकोछ भने विश्वविद्यालय **अनुदान आयोग नेपालबाट समता अनुदान** तथा डिजिटलाईजेशन कार्यक्रम कार्यान्वयनको प्रक्रियामा रहेका **छन् । अनुभवी र योग्य शिक्षकवाट अध्यापन, सबै आर्थिक** कारोबार बैङ्क मार्फत र सफ्टवेयर मार्फत सञ्चालन, पुस्तकको नियमितता, ईन्टरनेटको सुविधा, ई–लाईब्रेरीको व्यवस्था, QAA का पूर्वाधार निर्माणको नीति लिई **संस्थालाई यस क्षेत्रकै उदाहरणीय संस्थाको** रुपमा काम गरी देखाउने लक्ष्य राखी अगाडी बढी रहेको र यसका लागि **सबै सरोकारवालाहरुमा सहयोगको** अपेक्षा गरेका छौं । संस्थालाई विश्वास छ सम्पूर्ण सरोकारवालाहरुको **सहयोगले यस संस्थाले आफनो लक्ष्य प्राप्त** गरी सुदूरपश्चिम प्रदेशकै सफल सामुदायिक क्याम्पस हुने **कुरामा विश्वास लिएका छौं । टाढाका विद्यार्थीहरुलाई** आवत जावतमा सहजताका लागि भारतीय राजदुतावासमा **बसका लागि प्रस्ताव पेश गरिएको साथै पुस्तकालय** किताबका लागि पनि प्रस्ताव पेशगरी रु. १००००० **बरावरका पाठ्यक्रम अनुसारका पाठ्यपुस्तकहरु** प्राप्त भैसकेका छन ।

क्याम्पसको लागि आवश्यकपर्ने जग्गा व्यवस्थापनका लागि शुक्लाफाँटा नगरपालिका मार्फत जिल्ला मालपोत कञ्चनपुर र जिल्ला प्रशासन कार्यालय कञ्चजपुरमा जग्गा लिजमा प्राप्तीका लागि पहल भैरहेको छ ।

नेपाल पब्लिक क्याम्पस संघको सदस्य रहि सञ्चालित यस क्याम्पसले UGC लगायत भारतीय राजदुतावास, स्थानीय सरकार तथा शुक्लाफाँटा नगरपालिका, तत्कालीन जिल्ला विकास समिति, निर्वाचन क्षेत्र विकास कोष, सामाजिक विकास मन्त्रालय सुदूरपश्चिम प्रदेश सरकार समेतबाट सहयोग प्राप्त गरेको छ, भने त्यसमा पनि शिक्षक र विद्यार्थीको लगनशिलता र सञ्चालक समितिको क्रियाशीलताले नै प्राप्त परिणामको द्यौतक मानेका छौं । एक वर्षमा झण्डै २२ पटक बसेको क्याम्पस सञ्चालक समितिको बैठकबाट सर्वसम्मत रुपमा विभिन्न महत्वपूर्ण निर्णय लिईएको छ । जसका कारण यो संस्था यहाँ सम्म आइ पुगेको व्यहोरा अवगत गराउन चाहन्छु । यस संस्थाको उज्ववल भविष्य निर्माणमा महत्वपूर्ण सल्लाह र सहयोगका लागि यहाँको महत्वपूर्ण योगदान सदैव रही रहने विश्वास लिदै यो वार्षिक प्रगति प्रतिवेदन प्रस्तुत गरि रहेको छु । यस संस्थाले गरेको काम कारवाही र अवस्थाका सम्वन्धमा निम्नानुसारको व्यहोरा अवगत गराउने अनुमती चाहन्छु ।

## २. प्राज्ञिक / शैक्षिक प्रगति (Academic Progress)

कृष्ण बैजनाथ बहुमुखी क्याम्पसको शैक्षिक प्रगतिलाई विद्यार्थी भर्ना तथा परीक्षाफलको आधारमा निम्नअनुसार विश्लेषण गरिएको छ ।

### २.१ भर्ना प्रवृत्ति विश्लेषण (Enrollment Trend Analysis)

कृष्ण बैजनाथ बहुमुखी क्याम्पसको कुल विद्यार्थी भर्ना संख्यालाई दृष्टिगत गर्दा विभिन्न कार्यक्रम अनुसार विद्यार्थी भर्नादरमा भिन्नता रहेको देखिन्छ । स्नातक तहको सन्दर्भमा सबैभन्दा बढी बी. एड. मा भर्ना भएको देखिन्छ भने सबैभन्दा कम बी. बि. एस को देखिन्छ । शैक्षिक सत्र २०८०/०८१ मा बी. एड. मा ४६४ जना, बी. बी. एस. मा ३६७ जना, एम. बी. एस. मा १० तथा एम. एड. मा ११ जम्मा ८५२ जना भर्ना भएका थिए । शैक्षिक सत्र २०८१/०८२ मा बी. एड. मा ३०९ जना बी. बी. एस. मा २३८ जना तथा एम. एड. मा १० जम्मा ५५७ जना भर्ना भएका थिए । शैक्षिक शत्र २०८२/०८३ मा बि.एड. मा २९८ जना र बि.बि.एस. मा २७५ जना गरि जम्मा ५७३ जना भर्ना भएका छन । उक्त तथ्याङ्कबाट हाल बि. एड. भन्दा बि.बि. एस.मा विद्यार्थी भर्ना दर बढेको देखिन्छ । २०८२ को प्रथम बर्ष विद्यार्थी भर्ना चलिरहेको छ ।

Table 1: Enrollment Trend Analysis (Program Wise/Level Wise) Programme

| Level | Programmes | 2080/081 | 2081/082 | 2082/083 |
|---|---|---|---|---|
| Bachelor | B.Ed. | 464 | 309 | 298 |
| | B.B.S. | 367 | 238 | 275 |
| Master | M.B.S. | 10 | | - |
| | M.Ed. | 11 | 10 | - |
| Grand Total | A+B+C | 852 | 557 | 573 |

Appendex 2 highlights the details of programme and yearwise Enrollment of students

Source: Administrative Record of KBMC 2081/082

Table 2 : Genderwise Enrollment Trend Analysis of the last three years

| Level | Programmes | 2080/081 | | 2081/082 | | 2082/083 | |
|---|---|---|---|---|---|---|---|
| | | Male | Female | Male | Female | Male | Female |
| Bachelor | B.Ed. | ६८ | ३९६ | ४७ | २६२ | ३८ | २६० |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | BBS | १११ | २४६ | ५१ | १८७ | ४१ | २३४ |
| Master | M.B.S. | ६ | ४ | | | | |
| | M.Ed. | ४ | ७ | ३ | ७ | | |
| Grand Total | | १८९ | ६६३ | ७०१ | ४५६ | ७९ | ४९४ |

Table 3: Enrollment Trend Analysis of the Last Three Year from 2079/080-2082/083

| Year | Female | EDJ | Dalit | Madeshi | Total Female and Educationally Disadvantaged Students | Total Students | %of Female and Educationally Disadvantaged Students |
|---|---|---|---|---|---|---|---|
| 2080/081 | ५४९ | ७१ | ४३ | | ६६३ | ८५२ | ७७.८१ |
| 2081/082 | ३७० | ४५ | ४१ | | ४५६ | ५५७ | ८१.८६ |
| 2082/083 | ४१८ | ३९ | ३७ | | ४९४ | ५७३ | ८०.३२ |

२.२ उत्तीर्ण दर प्रवृत्ति विश्लेषण (**Pass Rate Trend Analysis**)

Table 4 : Pass Rate Trend Analysis of last Three Year

| शैक्षिक सत्र | संकाय | खण्ड | विद्यार्थी संख्या | उत्तीर्ण संख्या | प्रतिशत |
|---|---|---|---|---|---|
| २०७९/०८० | व्यवस्थापन | चौथो | ३२ | १८ | ५६.२५०० |
| | | तृतीय | ४० | १९ | ४७.५ |
| | | द्वितीय | ५८ | ७ | १२.०७ |
| | | प्रथम | १०८ | ५ | ४.६३ |
| | शिक्षा | चौथो | ३२ | १० | ३१.२५०० |
| | | तृतीय | ७७ | ८ | १०.३८ |
| | | द्वितीय | १४२ | १० | १४.२० |
| | | **प्रथम** | **१०८** | **३** | **२.७७** |
| | | **जम्मा** | **५९७** | **८०** | **१३.४०** |
| २०८०/०८१ | व्यवस्थापन | **चौथो** | **३५** | **२२** | **६२.८६** |
| | | **तृतीय** | **३५** | **१** | **२.८६** |
| | | **द्वितीय** | **७२** | **५** | **६.९४** |
| | | **प्रथम** | **८५** | **१०** | **८.५** |
| | शिक्षा | **चौथो** | **६५** | **२८** | **४३.८** |
| | | **तृतीय** | **११४** | **७** | **६.१४** |
| | | **द्वितीय** | **७५** | **२** | **२.६६** |

| | | | | | |
|---|---|---|---|---|---|
| | | प्रथम | ७२ | ५ | ६.९४ |
| | | **जम्मा** | **५५३** | **९०** | |
| २०८१/०८२ | व्यवस्थापन | चौथो | ३१ | १३ | ४१.९३ |
| | | तृतीय | ५२ | ४ | ७.६९ |
| | | द्वितीय | ५८ | ७ | १२.०७ |
| | | प्रथम | ७३ | १२ | १६.४३ |
| | | **जम्मा** | **२१४** | **३६** | **१६.८२** |
| | शिक्षा | चौथो | ९६ | १४ | १४.५९ |
| | | तृतीय | ३९ | ३ | ७.७ |
| | | द्वितीय | ४७ | २ | ४.२५ |
| | | प्रथम | ६६ | ३ | ४.५५ |
| | | **जम्मा** | **२४८** | **२२** | **८.८७** |

Source: Administrative Recod of KBMC 2081

## २.३ स्नातक र प्रवृत्ति विश्लेषण (Graduate Trend Analysis)

Table 5: Year wise Graguate Trend of Students of Last Three Years

| शैक्षिक सत्र | बी. एड. तर्फ | बी. बी. एस. तर्फ | कूल जम्मा |
|---|---|---|---|
| २०७८/०७९ | १० | १८ | २८ |
| २०७९/०८० | १८ | १० | २८ |
| २०८०/०८१ | २५ | ३३ | ५८ |

## २.४ शैक्षिक कार्यक्रमहरु (Academic Programmes)

कृष्ण बैजनाथ बहुमुखी क्याम्पसमा वि. सं. २०६७ साल देखि व्यवस्थापन सङ्काय (बी. बी. एस.), वि.सं. २०६९ साल देखि बि. एड. तथा वि. सं. २०७८ साल देखि एम. बी. एस. तथा वि. सं. २०७९ देखि एम. एड. तर्फका कक्षाहरु सञ्चालन भई पठनपाठन कार्य हुँदै आइरहेको छ।

Table 6 : Acaddemic Programmes

| Departments | Programmes | Durations |
|---|---|---|
| Management | B.B.S. | 4 Years |
| Education | B.Ed | 4 Years |
| Management | M.B.S. | 4 Semester |
| Education | M.Ed. | 4 Semester |

## २.५ शैक्षिणिक विधिहरु (Educational Pedagogy)

कृष्ण बैजनाथ बहुमुखी क्याम्पसमा बिगतका वर्षहरूमा शिक्षक केन्द्रित विधि मात्रै अनुशरण हुँदै आएकोमा हाल आएर पठनपाठनका विधिहरुमा परिवर्तन ल्याउने प्रयास गरिएको छ । केही कक्षाकोठामा मल्टीमिडिया प्रोजेक्टरको व्यवस्था गरिएको छ। यसबाट प्रस्तुतीकरण विधि अपनाउनमा मद्दत पुगेको छ।

## ३. भौतिक प्रगति (Physical Progress)

कृष्ण बैजनाथ बहुमुखी क्याम्पसको भौतिक प्रगतिलाई पूर्वाधार विकास, शैक्षिक सहयोग तथा उपकरणहरु, फर्निचर, पाठ्यपुस्तक, जर्नल र सन्दर्भ सामाग्रीहरुको उपलब्धताको आधारमा विश्लेषण गरिएको छ ।

### ३.१ पूर्वाधार विकास (Infrastructural Development)

कृष्ण बैजनाथ बहुमुखी क्याम्पसकौ सामग्रीहरु सहित क्याम्पसको भौतिक पूर्वाधारहरु निम्मानुसार रहेका छन् :

| बिवरण | संख्या | कैफियत |
|---|---|---|
| जग्गाको जम्मा क्षेत्रफल | ६ कट्टा | |
| भवन ओगटेको क्षेत्रफल | ६,४६४वर्गफिट | |
| कक्षाकोठा संख्या | २४ कोठा | |
| कम्प्युटर कक्ष | १ | |
| सौचालय (छात्र/छात्रा | ८वटा | |
| खानेपानी | २ वटा | |
| भवन | ३ वटा | |
| भवन | १ निर्माणाधिन | |
| पक्की घेर पर्खाल र गेट | १/१ निर्माणाधिन | |
| खानेपानी टंकी | १ निर्माणाधिन | |

### ३.२ शैक्षिक सहयोग (Educational Aids )

#### ३.२. १ शैक्षिक उपकरणहरु (Educational Equipments)

विद्यार्थीहरुको पठन-पाठनमा गुणस्तरीयता कायम गर्न र निर्वाध रुपमा सञ्चालन गर्न निम्नानुसारका शैक्षिक सहयोग सामग्रीहरु खरिद गरिएका छन् :

| सामाग्रीको नाम | संख्या | कैफियत |
|---|---|---|
| डेस्कटप कम्प्यूटर मनिटर सहित | १६ थन | |
| ल्यापटप संख्या | १० थान | |
| ओभर हेड /मल्टिमिडिया प्रोजेक्टर | ८थान | |
| फोटोकपी मेसिन प्रिन्टर्स | ५ थान | |
| इन्टरनेट सर्भिस | २ थान | |
| इन्टरनेट जडिएका कम्प्युटर | ११ थन | |
| टेलिफोन सेट | २ थान | |
| साईन बोड | २ थांन | |
| प्लास्टिक बाल्टीन | १० थान | |
| घण्टी पित्तल | २ थान | |
| विधुत मिटर | २ थान | |
| बिद्युतीय हाजिरी | १ थान | |

#### ३.२. २ पुस्तक, जर्नल र सन्दर्भ सामग्रीहरु -
**( Book, Journals and Reference Materials)**

कृष्ण बैजनाथ बहुमुखी क्याम्पसमा जम्मा ७८०२ वटा पुस्तकहरु छन् । यस पुस्तकालयमा जम्मा १ वटा कोठाहरु छन् । यसमा १ वटा अध्ययन कक्ष छ । यस पुस्तकालयमा दैनिक ३ स्थानीय पत्र-पत्रिकाहरु राखिने गरिएका छ । पुस्तकालय संग जम्मा १ थान कम्प्यूटर छ, जसमा प्रयोगकर्ताहरुले अनलाईन् र आवश्यक पुस्तक पढ्न तथा डाउनलोड गर्न सजिलै सक्दछन् विभिन्न प्रकारका प्राज्ञिक जर्नलहरु पनि राखिएका छन् । Apex संस्था काठमाण्डौले उपलब्ध गराएका लोकसेवा सम्बन्धि ५०० थान पुस्तक पनि उपलब्ध गराईएको छ साथै एउटा कम्प्युटर प्रिन्टर र एउटा फोटोकपी मेसिन र नयाँ Course related र Refrence Book भएको खण्डमा विद्यार्थी, प्राध्यापक र अन्य अनुसन्धान सम्वन्धी पुस्तक भए सहज हुने देखिन्छ ।

### ३.२. ३ फर्निचरहरु (Furnitures)

कृष्ण बैजनाथ बहुमुखी क्याम्पसमा निम्न अनुसारका फर्निचरहरु उपलब्ध छन ।

| सामाग्रीको नाम | संख्या | सामाग्रीको नाम | संख्या |
|---|---|---|---|
| स्टील दराज मेडियम | ७ थान | कुर्चि घुम्ने | १० थान |
| स्टील दराज लकर | २ थान | प्लास्टिक कुचि | ४९ थान |
| काठको टेवल | ५ थान | सुचना पाटि | १ थान |
| काठको टेवल मेडियम | २ थान | डेस्क बेन्च -फलामे ) | १७५ थान |
| काठको कुर्सि | २ थान | सोफासेट | ३ थान |
| कम्प्युटर टेवुल सानो | ७ थान | हवाईट बोर्ड | १८ थान |
| कम्प्युटर टेवुल ठुलो | ४ थान | पानी तान्ने पम्प | २ थान |
| मिटिङ टेवल ठूलो नयाँ | ६ थान | अफिस टेवल नयाँ | ६ थान |

## ४. वित्तीय प्रगति (Financial Progress)

### ४.१ वित्तीय स्रोत तथा आय विश्लेषण (Analysis of Financial Resources and Income)

| क.सं. | आम्दानीको स्रोत | आर्थिक वर्ष | | |
|---|---|---|---|---|
| | | २०७९/०८० | २०८०/०८१ | २०८१/०८२ |
| १ | शिक्षण शुल्क | ४२,३१,६१२ | ३७,३४,३२६ | ५७०९५२४/- |
| २ | प्रवेश तथा भर्ना शुल्क | २,७३,४५० | १,८०,३०० | ८९१५००/- |
| ३ | त्रि.वि.परीक्षा तथा सेवा शुल्क | ९,३८,२१५ | ६,३८,५२० | ११९६६५६/- |
| ४ | नियमित अनुदान (विश्व विद्यालय अनुदान आयोगबाट) | १३,७८,२०० | १४,१९,६०० | १३६५०००/- |
| ५ | उपकरण खरिद अनुदान सा.वि. मन्त्रालय | | | - |
| ६ | नियमित तथा तालिम अनुदान सा.वि.मन्त्रालय | | | ५०००००/- |
| ७ | नियमित तथा पूंजीगत अनुदान सा.वि.मन्त्रालय | ४,९९,२५० | ४,९४,४३० | - |
| ८ | भवन निर्माण अनुदान विश्व विद्यालय अनुदान आयोग वाट | | | - |
| ९ | पुस्तक खरिद अनुदान विश्व विद्यालय | | | - |

| | | | | |
|---|---|---|---|---|
| | अनुदान आयोग बाट | | | |
| १० | छात्रा शौचालय निर्माण अनुदान गैर आवासीय नेपाली संघ | | १४,७०,००० | ६३००००/- |
| ११ | अन्य | १५,७९,६७६२५९ | २१,३९,१३७ | १९७६१४९/- |
| | जम्मा | ८९,००,३९३/५९ | १,००,७३,३१३ | १२२६८८२९/- |

## ४.२ खर्च विश्लेषण (**Analysis of Expenditures**)

| क्र.सं. | खर्च शिर्षक | आर्थिक वर्ष | | |
|---|---|---|---|---|
| | | २०७९/०८० | २०८०/०८१ | २०८१/०८२ |
| १ | तलव भत्ता | ५३,१९,५२४ | ५३,३१,५६४ | ६६४९१०३/- |
| २ | त्रि.वि.परीक्षा तथा सेवा शुल्क | ८,२८,४७५ | ५,९५,०४० | १२१२७००/- |
| ३ | उपकरण खरिद अनुदान प्रदेश सरकारबाट | | | |
| ४ | छात्रा शौचालय निर्माण | | २१,०२३८० | |
| ५ | पुस्तक खरिद आन्तरिक कोषबाट | ३,१४,४३० | | |
| ६ | सि. सि. क्यामेरा खरिद आन्तरिक कोषबाट | | | |
| ७ | फर्निचर निर्माण आन्तरिक कोषबाट | | | १९७८८७/- |
| ८ | पुस्तक खरिद विश्वविद्यालय अनुदान आयोग सहित आन्तरिक कोषबाट | ५,०१,९६१ | | |
| ९ | रोष्टम निर्माण (सामाजिक विकास मन्त्रालय) | ५०,००० | | |
| १० | छात्रवृत्ति वितरण | १,२०,००० | १,२६,३०० | १४४०००/- |
| ११ | अन्य | २०,४१,९५७ | २३,७२,५७४ | ४०२७९०१/- |
| | जम्मा | ८८,६१,९१७ | १,०५,२७,८५८ | १२२३१५९१/- |

## ४.३ गत वर्षको लेखापरीक्षण अवलोकन, सुझाव तथा समस्या न्युनीकरणका प्रयासहरु

**(Audit Observations/Issues, Recommendation and Steps Taken to Mitigate the Issues Raised by Audit Observations in the Last Fiscal last year)**

कृष्ण बैजनाथ बहुमुखी क्याम्पसले तयार गरेका वित्तीय विवरणहरु लेखाका सर्वमान्य सिद्धान्त (Generally Accepted Accounting Principles) तथा प्रचलित कानून बमोजिम तयार गरे नगरेको सम्वन्धमा नेपाल लेखापरीक्षणमान (Nepal Standards on Auditing) बमोजिम लेखापरीक्षण गरी सो विवरणले क्याम्पसको आय-व्ययको सही तथा यथार्थ अवस्था चित्रण गरे नगरेको सम्बन्धमा राय व्यक्त गर्ने सन्दर्भमा लेखापरीक्षण अवलोकन, प्रतिवेदनमा उठाइएका सुझावहरु र समस्याहरू न्युनीकरणका लागि गरिएका प्रयासहरु तलको तालिकामा प्रस्तुत गरिएको छ ।

| लेखापरीक्षण अवलोकन | सुझावहरु | न्यूनीकरणका प्रयासहरु |
|---|---|---|
| १. पारिश्रमिकमा समावेश हुने सबै प्रकारका भुक्तानी रकममा आयकर ऐन अनुसार गणना गरी आयकर कट्टी गर्नुपर्ने ।<br>२.दायित्वको भार<br>३. पुस्तकालय धरौटी रकमको छुट्टै खाता राखी जफत भएको धरौटी रकम आयमा समावेश हुनु पर्ने । | १.पारिश्रमिकमा समावेश हुने सबै प्रकारका भुक्तानी रकममा आयकर ऐन अनुसार गणना गरी आयकर कट्टी गर्नुपर्ने हुन्छ र छुट भएकामा पछिल्लो भुक्तानीबाट नियमानुसार कट्टीगर्नु हुन सुझाव दिइन्छ ।<br>२.सञ्चालन खर्चमा कटौति गरिएको तर बर्षे पिच्छे दायित्व वृद्धि भइरहेकाले दायित्वको भार नियन्त्रण तर्फ सरोकारवाला सबैले आवश्यक प्रयास गर्नुपर्ने देखिन्छ । | • क्याम्पसको आर्थिक कारोबारलाई पारदर्शि बनाउन सफ्टवेरको प्रयोग गरिएको<br>• खर्च रकम लाई न्यूनिकरण गरिएको मसलन्द एवम् दै. भ. भ. आदी र अन्य खर्चमा कटौती गरि मितव्यायिता अपनाइको ।<br>• अघिल्लो बर्ष भन्दा यस बर्ष दायित्व कम गर्न प्रयास गरिएको ।<br>• आय व्ययको मासिक खाता तयार पारी आर्थिक वर्ष भित्र सम्पूर्ण भुक्तानी गर्नु पर्ने दायित्व भुक्तानी गरी अषाढ मसान्तमा नै खाता बन्द गरी समयमै आन्तरीक परिक्षण र म. ल. प. सम्पन्न गरिएको । |

## ५. सामाजिक प्रगति (Social Progress)

कृष्ण बैजनाथ बहुमुखी क्याम्पस समुदायमा आधारित क्याम्पस भएकोले क्याम्पसको प्रगतिको मुख्य पक्ष भनेको सामुदायिक सम्बन्ध हो । यस क्याम्पसमा सामाजिक अभिवृद्धिका लागि निम्न गतिविधिहरु गरिदै आएका छन् :

### ५.१ Campus's Involvements in Social Activities

**(क्याम्पसको सामाजिक क्रियाबलापमा सहभागिता)**

क) सामुदायिक गतिविधिहरुमा प्राध्यापक, कर्मचारी एवम् विद्यार्थीहरुको सहभागिता जनाउने,
ख) समाज र समुदाय गुणस्तरीय शिक्षा प्रति सचेत
ग) कञ्चनपुर जिल्ला र बाह्रय जिल्लाका विद्यार्थीहरु उच्च शिक्षामा सहज पहुंच ।
घ) समाजका जल्दाबल्दा मुद्धाहरुमा प्रध्यापक, प्राज्ञिक समुदाय र बिद्यार्थिहरुको सहभागीता ।

### ५.२ Social Contributions for Campus

समाजका मानिसहरु क्याम्पसको हरेक क्रियाकलापमा सहभागिता जस्तो भौतिक निर्माण तथा पर्यावरणीय क्रियाकलापमा सहभागी ।

### ५.३ Plans for campus's Contribution to Society

क) स्थानीय निकाय, सरकारी तथा गैरसरकारी संस्थाहरुबीच सहकार्य गर्ने,
ख) सामुदायिक गतिविधिहरुमा प्राध्यापक, कर्मचारी एवम् विद्यार्थीहरुको सहभागिता जनाउने,
ग) समाज र समुदाय गुणस्तरीय शिक्षा प्रति सचेत
घ) कञ्चनपुर जिल्ला र बाह्रय जिल्लाका बिधार्थिहरु उच्च शिक्षामा सहज पहुंच ।
ङ) संस्था प्रति समुदाय स्थानिय सरोकार अपनत्वको भावनाको बिकास ।
च) समाजका जल्दाबल्दा मुद्धाहरुमा प्रध्यापक, प्राज्ञिक समुदाय र बिद्यार्थिहरुको सहभागीता ।
छ) गरिब बिद्यार्थिहरुलाई पनि उच्च शिक्षामा पहुचमा भावनाको बिकास ।

## ५.४ Plan for Increased Involvement of the Society in the Campus

क) समाजमा उल्लेखनीय योगदान पुर्‍याउने नागरिक समाज, उद्योगी, व्यवसायी, कानून व्यवसायी, समाजसेवी र राजनीतिक दलका प्रतिनिधिहरुलाई क्याम्पसको सञ्चालक समितिमा र सल्लाहकार समितिमा मनोनयन गर्ने,

ख) उद्योगी व्यवसायी तथा समाजसेवीबाट क्याम्पसको भौतिक पूर्वाधारको लागि आर्थिक स्रोत जुटाउन आग्रहगर्ने,

ग) स्थानीय निकाय, सरकारी तथा गैरसरकारी संस्थाहरुबीच सहकार्य गर्ने,

घ) विद्यार्थी युनियनका अध्यक्षलाई क्याम्पस सञ्चालक समितिमा पदेन सदस्यका रुपमा सहभागी गराउने,

ङ) कृष्ण बैजनाथ बहुमुखी क्याम्पसका भूतपूर्व विद्यार्थीहरुलाई संगठित गरी क्याम्पसको समग्र विकासमा सहभागी गराउने,

च) क्याम्पस सदस्यता मा बृद्धि गरी सहभागितामा बृद्धि गर्ने ।

## ६. समस्या तथा चुनौतीहरु (Issues and Challenges)

### ६.१ समस्या तथा चुनौतीहरु (Issues and Challenges).

कृष्ण बैजनाथ बहुमुखी क्याम्पस शुक्लाफाँटा नगरकै अग्रणी शैक्षिक संस्थाको रुपमा विकसित भइरहेको भएता पनि यसका केही विद्यमान समस्या तथा चुनौतीहरु निम्नानुसार छन् :

#### ६.१.१ Short Terms Issues and Challenges

क) हाल त्रि. वि. वि को परीक्षा केन्द्र यस क्याम्पसबाट हटाइएकोले विद्यार्थीहरुले जिल्लाको परीक्षा केन्द्रमा गएर परीक्षा दिनु पर्ने बाध्यता छ ।

ख) त्रिभुवन विश्वविद्यालयको परीक्षा प्रणालीले एकै शैक्षिक शत्रमा एउटै बर्षका २/२ ओटा कक्षा सञ्चालन गर्नुपर्ने बाध्यता ।

ग) विद्यार्थी भर्ना दर हरेक बर्ष घटदो क्रममा रहनु, बिचमै कक्षा छोडेने दर बृद्धि हुनुमा उल्लेख्य सुधार हुन नसकेका कारण हरेक वर्ष अनुत्तीर्ण हुने विद्यार्थीहरुको संख्या न्यून गर्न कठिनाई भइरहेको छ ।

घ) क्याम्पसमा संचालित कार्याक्रमअनुशार प्रयाप्त कक्षा कोठा सहितको शैक्षिक भवन, पानी सहितको आधुनिक शौचालय, इ-पुस्तकालयको स्थापना तथा अध्ययन अध्यापनमा प्रयोग हुने digital उपकरण सहितको प्रयोगशाला निर्माण हुन नसक्नु ।

ङ) गुणस्तर सुनिश्चितता तथा प्रत्यायनको अभाव हुनु ।

च) आधुनिक सूचना र प्रविधिको प्रयोग तथा पहुँच न्यून रहनु ।

छ) पठन पाठनको साथसाथै अतिरीक्त क्रियाकलाप सञ्चालन गर्न तथा आवश्यक भौत्तिक संरचना निर्माण गर्न जग्गाको अभाव रहनु ।

#### ६.१.२ Long Terms Issues and Challenges

क) भौतिक पूर्वाधार तथा उपकरणहरुको अपर्याप्तता: विद्यार्थीहरुको बढ्दो चाप र माग अनुसार कक्षाहरु सञ्चालन गर्नका लागि उपलब्ध पूर्वाधार तथा उपकरणहरु अपर्याप्त छन् । कक्षा कोठा, कम्प्युटर ल्याब, आधुनिक शौचालय, विज्ञान प्रयोगशाला, ओभरहेड प्रोजेक्टर, ल्यापटप, फोटास्टुडिओ, स्मार्ट बोर्ड जस्ता उपकरणहरु कम पर्न गएको महसुस हुन्छ ।

ख) प्राविधिक विषय सञ्चालन गर्न नीतिगत समस्या: त्रिभुवन विश्वविद्यालयले प्राविधिक विषय जस्तै: वन, कृषि, इत्यादि सञ्चालन गर्न अनुमति नदिइरहेकोले गर्दा पूर्णरुपमा गैर प्राविधिक विषयमै निर्भर रहनुपर्ने बाध्यता देखिन्छ । त्रि. वि. ले सामुदायिक क्याम्पसलाई बि.बि.ए., बि.सि.ए. बि. आई. टि जस्ता पेशावार विषयको समेत सम्बन्धन दिन सकिरहेको छैन ।

ग) अन्तर्राष्ट्रिय सम्बन्ध विस्तारमा समस्या: यस क्याम्पसले विदेशका कलेज वा विश्वविद्यालयसंग भगिनी सम्बन्ध कायम गर्न र विद्यार्थी तथा प्राध्यापकको आदान प्रदान मार्फत आफ्ना प्राज्ञिक गतिविधिहरु विकसित गर्न कठिनाई भइरहेको छ ।

घ) विद्यार्थी उत्तीर्ण दरमा उल्लेख्य सुधार हुन नसकेको विभिन्न कारणले हरेक वर्ष अनुत्तीर्ण हुने विद्यार्थीहरुको संख्या न्यून गर्न कठिनाई भइरहेको छ ।

ङ) गुणस्तर सुनिश्चितता तथा प्रत्यायनको अभाव हुनु ।

च) सु. प. विश्वविद्यालयको सिनेटबाट पास भई यू.जि. सि, शिक्षा मन्त्रालयबाट सिफारीस भई अर्थमन्त्रालयमा फाईल पुगेता पनि बजेट अभावका कारण पाईपलाइनमा भएता पनि उक्त विश्वविद्यालयको आंगिक क्याम्पस बन्न नसक्नु ।

छ) आन्तरिक तथा दिगो आर्थिक स्रोतको अभाव देखिनु ।

ज) प्रयाप्त पूर्णकालीन विषयगत प्राध्यापक र आवश्यक मात्रामा दक्ष कर्मचारी भर्ना गर्न नसकिनु ।

झ) छात्र/छात्रा वासको व्यवस्था नहुनु ।

ञ) प्राविधिक धारका शिक्षा संचालन गर्न नसक्नु ।

ट) आधुनिक पुस्तकालय, ई-पुस्तकालय निर्माण हुन नसक्नु । अतिरीक्त क्रियाकलापका लागि खेल मैदान नहुनु अलावा भौत्तिक संरचना निर्माण गर्न प्रयाप्त जग्गाको अभाव हुनु ।

ठ) यातायातका साधन (क्याम्पसको आफ्नो बस) नभएकोले दूर दराजबाट आउने विद्यार्थीहरुलाई भर्नाका लागि आकर्षित गर्न नसक्नु ।

**६.२ समस्या तथा चुनौतीहरु न्यूनीकरणका उपायहरु**

## (Mitigation Measures Taken to Address the Issues and Meet the Challenges)

यस क्याम्पसको ३ (तीन) वर्षे रणनीतिक योजना तर्जुमा भई लागू भएको छ । यो योजनामा यस क्याम्पसका भौतिक पूर्वाधार तथा विषय व्यवस्थापनका विभिन्न उपायहरु अवलम्बन गरिएका छन् :

क) सरकारी लगानी भित्रयाउने प्रयास भइरहेको छ ।

ख) यस क्याम्पसलाई सुदूरपश्चिम विश्वविद्यालयको आंगिक क्याम्पस बनाई सरकारी लगानी भित्र्याउने प्रयास भइरहेको छ ।

ग) प्राज्ञिक स्वायत्तता प्राप्त गरी बजारको माग अनुसारका विषयहरु थप्ने प्रयास भइरहेको छ ।

घ) विद्यार्थी उत्तीर्ण दर बढाउन आन्तरिक मूल्याङ्कन प्रणालीलाई प्रभावकारी बनाउनुका साथै अतिरिक्तकक्षाहरुको सञ्चालन

समेत भइरहेको छ । क्याम्पसले पठनपाठनलाई व्यवस्थित बनाउन शैक्षिक क्यालेण्डरबनाई लागू गरिरहेको छ ।

ङ) यस क्याम्पसको विधान संशोधन तथा आवश्यक परिमार्जन गरी कायान्वयनका लागि आवश्यक विनियमावली तथा कार्यविधि तयार गर्ने कार्य भैरहेको छ ।

च) आ. व. २०८१/०८२ देखि UGC बाट Digitalization connectivity र equity grant का कार्यक्रमहरु कार्यान्वयनका चरणमा रहेका छन् ।

छ) पुस्तकानलयमा पुस्तकको अभाव हुन नदिन भारतीय राजदुतावास, प्रदेश सरकार, UGC मा प्रस्ताव पेश गरी दुतावासबाट पुस्तक प्राप्त भैसकेका छन् ।

ज) क्याम्पसको चौतर्फी विकासका लागि क्याम्पस व्यवस्थापन समिति, प्राध्यापक संघ तथा क्याम्पस प्रशासन, स्व. वि. यु., क्याम्पस सभा, क्याम्पस सदस्य, क्याम्पसमा क्रियाशील विभिन्न विद्यार्थी संघ-संगठनहरु, अभिभावक र नागरिकसमाजका बीच पर्याप्त छलफल भई रहेको छ ।

## ६.३ समस्या तथा चुनौतीहरु सम्बोधन गर्ने योजना

## (Plan for Addressing the Issues and Challenges)

समस्या तथा चुनौतीहरु सम्बोधन गर्ने योजना

(Plan for Addressing the Issues and Challenges)

कृष्ण बैजनाथ बहुमुखी क्याम्पस तयार गरेको रणनीतिक विकास योजना समेतलाई सम्वोधन हुने गरी आर्थिक वर्ष २०८२/०८३ लागि निम्न अनुसारका नीति तथा कार्यक्रमहरु तर्जुमा गरेको छ ।

### १. भौतिक पूर्वाधार विकास (Physical Infrastructure Development)

**शैक्षिक भवन निर्माण गर्ने :** क्याम्पसमा उपलब्ध भौतिक पूर्वधार अर्न्तगत शैक्षिक प्रशासनिक भवनको अप्रर्याप्तता रहेकाले क्याम्पसको शैक्षिक प्रशासनिक भवन निर्माणका लागी यसै शैक्षिक सत्रबाट भवनको Drawing, Design estimate समेत तयार गरी, फर्निचर, उपकरण, अतिरीक्त क्रियाकलाप र क्याम्पस प्रमुखको तालिमका लागि प्रस्ताव तयार पारी विश्व विद्यालय अनुदान आयोगमा प्रस्तावना पेश गर्ने योजना रहेको छ । विभिन्न कक्षाकोठाहरुमा प्रयोग गरिएका पुराना काठका फर्निचरहरुको मर्मत तथा थप नयाँ फर्निचर निर्माण गरिने छन् । E–Library/कम्प्युटर ल्यावको लागि आवश्यक पर्ने थप कम्प्युटर तथा मेशिनरी सामानहरुका लागि विश्व विद्यालय अनुदान आयोगमा प्रस्तावना पेश गर्ने तत्कालिन योजना रहेको छ क्याम्पसमा चमेना गृह (क्यान्टीन) को सञ्चालन गरिने छ । क्याम्पसको फिल्ड निर्माण, बाटो निर्माण, बृक्षारोपण जस्ता कार्यहरु सम्पन्न गरिने छन् ।

सुदूरपश्चिम प्रदेश सरकार सामाजिक विकास मन्त्रालयबाट आ. व. २०८१/०८२ को वजेटमा विनियोजन गरिएको रु. १,००,००,००० रकमबाट २ कोठे भवन, पक्की घेर पर्खाल तथा गेट निर्माण, खानेपानी टंकी निर्माण कार्य भैरहेको छ भने आ. व. २०८२/०८३ का लागि विनियोजन गरीएको रु १०००००० बाट वहुउद्देश्यीय खेल मैदान (भलिवल, टेनिस वल, ब्याटमेन्टेन तथा वास्केटवल आदी) निर्माण गर्न प्रयोग गरिने छ ।

विश्वविद्यालय अनुदान आयोगबाट प्राप्त भएको समतामा आधारित अनुदानलाई मापदण्ड अनुसार प्रभावकारी रुपले कार्यान्वयन गर्दै लग्ने तथा डिजिटलाईजेशन प्रोग्राम अन्तरगत प्राप्त हुने अनुदानलाई क्याम्पस प्रशासन, पुस्तकालय, लेखा, कक्षा कोठा लगाएत आवश्यक मापदण्ड अनुसारको क्षेत्रलाई प्रविधिमैत्रि बनाउन प्रयोग गरिने छ ।

**सभाहल** : यस कृष्ण बैजनाथ बहुमुखी क्याम्पसको सभा हल निर्माणका लागि दातृ निकाय संग पहल गरिने छ । आवश्यक भौतिक संरचना र खेलकुद मैदानका लागि आवश्यक पर्ने जग्गा जिल्ला प्रशासन कार्यालय कञ्चनपुरबाट लिजमा प्राप्त गरिनेछ ।

**छात्रवासः** यस क्याम्पसमा सुदूर पश्चिम प्रदेशका पहाडि जिल्ला र यस नगर पालिकाको वार्ड नं. १ र १२ बाट विहानि पख क्याम्पसमा अध्ययनगर्न आउने विद्यार्थीहरुलाई कठिन हुने भएकोले डेरा गर्न बाध्यता भएकोले यस आ. व.मा छात्रवासका लागि UGC, प्रदेश सरकार लगाएत बिभिन्न सरोकारवाला निकायहरुमा प्रस्ताव पेश गर्ने

२ प्राज्ञिक उत्कृष्टताको लागि संस्थागत क्षमता तथा निकाय विकास
**(Institutional Capacity and Faculty Development for Academic Excellence)**

क) क्याम्पसलाई गुणस्तर सुनिश्चितता प्रत्यायन (Q.A.A.) को प्रक्रियामा लग्नका लागि आवश्यक आधारहरु निर्माण गर्दै उक्त प्रक्रियाका लागि LOI प्रस्ताव पेश गर्ने ।

ख) प्राज्ञिक विभागहरुलाई शैक्षिक कार्यतालिका, विभागीय अनुसन्धान तथा प्रकाशन र विद्यार्थीहरुलाई अनुसन्धानमूलक कार्यमा सहभागी गराउनमा विभागीय प्रमुखहरुलाई अभिप्रेरित गरिने छ ।

ग) विश्वविद्यालय अनुदान आयोग अन्तर्गत प्राध्यापकहरुको स्तरोन्नतिका लागि विभिन्न अनुसन्धानात्मक क्रियाकलापलाई निरन्तरता दिइने छ ।

घ) प्राध्यापकहरुको शैक्षिक योग्यता र क्षमता अभिवृद्धि गर्न विद्यार्थीहरुको पठनपाठनलाई अवरोध नहुने गरी आवश्यकता अनुसार प्राध्यापकहरुलाई M.Phil., Ph.D. र अन्य अनुसन्धानमूलक कार्य गर्न सहयोग गरिने छ ।

ङ) प्राध्यापक तथा कर्मचारीमा एकरुपता कायम गर्न पोषाकको व्यवस्था यसै आ. व. भित्र गरीने छ ।

च) विद्यार्थीहरुको उत्तीर्ण प्रतिशतमा वृद्धि गर्नको लागि पठनपाठनको कार्यलाई समयमै सम्पन्न गर्न लगाउने र पटक-पटक त्रि. वि. को परीक्षा सञ्चालनको कारण समयमै विद्यार्थीहरुको पठनपाठन समाप्त नहुने भएकोले सो कार्यलाई न्यूनिकरण गर्नसार्वजनिक विदा तथा शनिवार समेत अतिरिक्त समयमा कक्षा सञ्चालन गरी सो समस्या समाधान गर्ने र साथै अतिकमजोर विद्यार्थीहरुका लागि विशेष समयमा कक्षा सञ्चालन गरी पठनपाठनको व्यवस्था गरिने छ ।

छ) क्याम्पसको शैक्षिक गुणस्तर सुधार गर्ने गरी अध्यापन शुरु भएको ६/६ महिना भित्र ल्याकत परीक्षा लिने र यसमा देखिएका कमी-कमजोरीहरुलाई सुधार गरि विद्यार्थीहरुको उत्तीर्ण प्रतिशतमा वृद्धि गर्ने उद्देश्यले सञ्चालनमा आएको आन्तरिक परीक्षालाई व्यवस्थित गर्ने कार्यलाई निरन्तरता दिइने छ ।

ज) प्रत्येक संकाय र तहमा हुने गरेको विद्यार्थीहरुको भर्ना, नियमितता तथा दैनिक हाजिरीलाई थप व्यवस्थित गरिने छ ।

झ) नयाँ भर्ना हुने विद्यार्थीहरुलाई त्रि.वि. तथा क्याम्पसको शैक्षिक क्यालेण्डर अनुसार प्रवेश परीक्षामा सहभागी गराई कार्यान्वयन गरिने छ ।

ञ) यथाशीघ्र भर्ना गर्न लगाउने र समयमै कक्षा सञ्चालन गरी पठनपाठनलाई व्यवस्थित गर्न लगाईने छ ।

ट) शैक्षिक अनुभव आदान प्रदानका लागि अतिथी प्राध्यापक आमन्त्रण गरी पठनपाठनको व्यबस्था गर्ने कार्यलाई विशेष प्राथमिकतामा राखिएको छ ।

ठ) प्राध्यापक तथा कर्मचारीहरुलाई विभिन्न विश्वविद्यालय तथा उच्च शैक्षिक संस्थाहरुको अवलोकन भ्रमण गराईने छ ।

ड) Multi–media Projector बाट कक्षा सञ्चालन गर्न आवश्यक प्रोजेक्टर र अन्य विद्युतीय उपकरणहरु खरिद गरि जडान गरिने छ ।

ढ) प्रशासनिक कार्यलाई छिटो छरितो तथा सर्वसुलभ बनाउन Computer Software लाई व्यवस्थित गरिने छ ।

४ विद्यार्थी कल्याण र अतिरिक्त **(Student Weifure and Extra Aetivities)**

क) विद्यार्थीहरुको उत्तीर्ण प्रतिशतमा वृद्धि गर्न प्रत्येक संकायका विभागीय प्रमुख संग परामर्श गरी आवश्यकता अनुसार पठनपाठन कार्यलाई व्यवस्थित गरिने छ ।

ख) मासिक रूपमा विद्यार्थी पठनपाठन र क्याम्पसका अन्य शैक्षिक गतिविधि सहभागि गरी विद्यार्थीहरुबाट प्राप्त हुने सुझाव तथा उचित गुनासाहरुलाई लागु तथा समाधान गरिने छ ।

ग) यस क्याम्पसमा अध्ययनरत गरीब तथा जेहन्दार विद्यार्थीहरुलाई बढी भन्दा बढी वृतिमा सहभागी गराउन छात्रवृत्ति छनौट प्रकृयालाई व्यवस्थित गर्ने पहल गरिने छ ।

घ) विभिन्न निकायहरुले प्रदान गर्ने छात्रवृत्तिमा क्याम्पसमा अध्ययनरत विद्यार्थीहरुलाई सहभागी गराउने थप प्रयत्न गरिने छ ।

ङ) क्याम्पसको समग्र विकासको लागि पूर्वविद्यार्थी संगठनलाई सक्रियता बढाउन पहल गरिने छ ।

च) रोजगारीमूलक एवम प्रतिस्पर्धात्मक परीक्षाहरुमा विद्यार्थीहरुलाई सहभागी गराउन परामर्श सम्बन्धी कार्यक्रमहरु सञ्चालन गरिने छन ।

छ) न्यूनतम शुल्कमा क्याम्पसको कम्प्युटर ल्यावको क्षमता अनुसार इच्छुक,विद्यार्थीहरुलाई कम्प्युटर प्रशिक्षण प्रदान गर्ने व्यवस्था गरिने छ ।

ज) सामुदायिक सम्बन्ध विस्तार गर्ने कार्यमा विद्यार्थीहरुलाई सहभागी गराइनेछ ।

झ) सीप विकासको लागि अंग्रेजी भाषा, सूचना प्रविधि र नेतृत्व विकास सम्बन्धी कार्यक्रमहरु सञ्चालन गरिने छन ।

ञ) क्याम्पसमा अध्ययनरत विद्यार्थीहरुलाई लोक सेवा आयोग, शिक्षक सेवा आयोग तथा बैंकिङ सेवामा प्रवेशका लागि विभिन्न निकायको समन्वयमा तयारी कक्षा सञ्चालन गरिने छ ।

ट) क्याम्पसको शैक्षिक विकासको लागि अक्षयकोषको स्थापना गरी गरीब तथा जेहेन्दार विद्यार्थीहरुलाई छात्रवृत्ति, कर्मचारीको वृत्तिविकास तथा सेवा सुविधाको सुनिश्चितता, विद्यार्थीलाई विभिन्न पेशा प्रवेशका लागि तयारी कक्षा, सामाजिक सचेतना मूलक कार्यक्रम, जिवन दर्शन योग तथा आचरण सम्बन्धि कार्यक्रमहरु सञ्चालन गर्ने ।

## ५. वित्तीय स्रोत विकास तथा व्यवस्थापन (Financial Resource Development and Management)

-विभिन्न व्यक्ति तथा संस्थाहरुबाट क्याम्पसको विकासको लागि आर्थिक तथा अन्य सहयोगका लागि पहल गरिने छ ।

-स्नातक तहमा विद्यार्थीहरुको भर्ना संख्यामा वृद्धि गर्नको लागि आवश्यक पहल गरिने छ ।

-अक्षयकोषको रकम वृद्धि गर्नका लागि आवश्यक पहल गरिने छ ।

-क्याम्पस सदस्यको संख्याका वृद्धि गरि कोष वृद्धि गरिने छ ।

## ६.संस्थागत सुशासन तथा क्याम्पस समुदाय सम्बन्ध

## (Institutional Governance and Campus Community Relationship)

क) प्रत्येक आर्थिक वर्ष समाप्त भएको ४ महिना भित्र गत वर्षको आर्थिक र प्राज्ञिक गतिविधिहरु समावेश गरी आर्थिक प्रतिवेदन तयार पारी सार्वजनिक गर्ने कार्य गरिने छ । क्याम्पसको आर्थिक प्रतिवेदनलाई सरोकारवालाहरुलाई जानकारी गराइने छ ।

ख) क्याम्पसको विधान अनुसार क्याम्पस सभा तथा सञ्चालक समितिको गठन गरिने छ । र आवश्यक कार्यविधि निर्माण गरी लागु गरिनेछ ।

ग) क्याम्पसको आर्थिक प्रशासन सम्बन्धी नियमावलीमा समयसापेक्ष रूपमा परिमार्जन गरी लागू गरिने छ ।

घ) छात्रवृत्ति सम्बन्धी विनियम लागू गरिने छ ।

ङ) विभिन्न व्यक्ति तथा संस्थाहरुलाई क्याम्पस सञ्चालनमा सहयोग गर्ने र क्याम्पसको तर्फबाट प्राध्यापक तथा कर्मचारी र विद्यार्थीहरुलाई सामुदायिक विकास एवम् सचेतना कार्यमा सहभागी गराउन पहल गरिनेछ ।

## ६.४ वार्षिक कार्ययोजना तथा बजेट (Annual Work Plan and Budget)

सामुदायिक शैक्षिक संस्थाको रुपमा स्थापित यस कृष्ण बैजनाथ बहुमुखी क्याम्पसले शैक्षिक उन्नयनमा विविध चुनौतीहरु पार गर्दै आफ्नो स्थापनाको १५ औं वर्षमा प्रवेश गरेको छ । साथै गुणस्तर सुधारको लागि सबै सतर्कता अपनाउन पनि जरुरी छ । यसका लागि प्राध्यापक तथा कर्मचारीलाई तालिम, सेमिनार, गोष्ठीमा सहभागी गराई दक्ष बनाउन आवश्यक छ । सामुदायिक स्तरबाट सञ्चालित यस क्याम्पसको गत आर्थिक वर्षको वार्षिक आय-व्ययलाई आधार मानि आर्थिक वर्ष २०८२/८३ को लागि वार्षिक बजेटको तर्जुमा तथा २०८३/०८४ र २०८४/०८५ को आयव्यय प्रक्षेपण निम्नानुसार गरिएको छ ।

Annual Work Plan and Budget of Current Fiscal Year (as the strategies plan)

क्याम्पसले १ वर्षमा सञ्चालन गर्ने कार्यक्रम तथा आयोजना

१. शैक्षिक (Academic) कार्यक्रम
   - भर्ना तथा अभिमुखीकरण (Admission & Orientation Program)
   - वार्षिक कक्षा संचालन र प्रयोगशाला/प्रायोगिक कक्षा
   - पाठ्यक्रम अनुसार Internal Assessment / Internal Exam, Mid-term, Unit test, Terminal परीक्षा
   - छात्र-छात्रालाई Academic Counseling
   - वर्षको अन्त्यमा परीक्षा संचालन
   - नयाँ शैक्षिक वर्षको Academic Calendar निर्माण

२. सह-शैक्षिक (Co-curricular) कार्यक्रम
   - वादविवाद (Debate) प्रतियोगिता
   - वक्तृत्वकला (Elocution Speech)
   - निबन्ध, कविता लेखन प्रतियोगिता
   - विज्ञान/शैक्षिक प्रदर्शनी (Science/Project Exhibition)
   - क्विज प्रतियोगिता
   - ICT, Robotics, Coding जस्ता कार्यशाला
   - कला-संगीत सृजनात्मक कार्यक्रम

३. अतिरिक्त (Extra-curricular) कार्यक्रम
   - खेलकुद प्रतियोगिता (Football, Volleyball, Athletics आदि)
   - योग तथा स्वास्थ्य सत्र
   - सांस्कृतिक कार्यक्रम (Cultural Day, Welcome/ Farewell)
   - सफाइ, वृक्षारोपण तथा सामाजिक सेवा कार्यक्रम
   - पर्यटन/शैक्षिक भ्रमण (Educational Tour, Field Visit)
   - प्रतिभा प्रदर्शन (Talent Show)

४. प्रशासनिक तथा व्यवस्थापकीय कार्यक्रम
   - शिक्षक तथा कर्मचारी क्षमता विकास तालिम
   - वार्षिक बजेट तथा योजना निर्माण
   - अवलोकन (Monitoring) र मूल्यांकन
   - वार्षिक प्रगति समीक्षा बैठक
   - अनुशासन, उपस्थिति तथा कक्षाकोठा व्यवस्थापन
   - छात्रवृत्ति वितरण तथा अभिलेख व्यवस्थापन

५. समन्वय तथा साझेदारी कार्यक्रम
   - अभिभावक-शिक्षक बैठक (PTM)
   - स्थानीय निकाय, NGO/INGO, उद्योगसँग सहकार्य
   - सामुदायिक सेवा र जागरुकता कार्यक्रम
   - विश्वविद्यालय/शैक्षिक बोर्डसँग समन्वय

६. प्रविधि तथा नवप्रवर्तन कार्यक्रम
   - स्मार्ट कक्षा / ICT प्रयोग विस्तार
   - EMIS, LMS, e-Library जस्ता प्रणाली प्रयोग
   - शिक्षक र विद्यार्थीका लागि आइटी तालिम
   - अनुसन्धान तथा Innovation परियोजना सञ्चालन

क्याम्पसले ३ वर्षमा सञ्चालन गर्ने कार्यक्रम तथा आयोजना:

१. शैक्षिक (Academic) कार्यक्रम

- ३ वर्षे शैक्षिक रणनीतिक योजना (Strategic Plan) निर्माण
- वार्षिक अनुसार कक्षा संचालन
- पाठ्यक्रम अभिमुखीकरण तथा परिमार्जन
- Internal परीक्षा, Unit Test, Terminal तथा Final Examination
- प्रयोगशाला, प्रायोगिक कक्षा तथा Field Work को सुदृढीकरण
- विद्यार्थीको Academic Tracking र Progress Evaluation प्रणाली विकास
- Research / Mini Research / Project Work संचालन
- नयाँ पाठ्यपुस्तक, Resource Material विकास
- Tutor / Mentor प्रणाली विस्तार
- Educational Quality Assurance र Accreditation सम्बन्धी तयारी (यदि लागू)

२. सह-शैक्षिक (Co-curricular) कार्यक्रम

- वार्षिक Debate, Quiz, Essay, Poetry, Elocution प्रतियोगिताहरु
- विषयगत सेमिनार, Workshop, Conference
- वैज्ञानिक प्रदर्शनी, ICT Exhibition, Model Presentation
- साहित्यिक कार्यक्रम तथा पुस्तक प्रकाशन प्रवर्द्धन
- Career Counseling तथा Personality Development सत्र
- Club Activity (Science Club, IT Club, Literary Club आदि)

३. अतिरिक्त (Extra-curricular) कार्यक्रम

- खेलकुद प्रतियोगिता (Inter-campus / District Level)
- सांस्कृतिक कार्यक्रम (Welcome, Farewell, Cultural Day)
- Talent Show, Music & Art कार्यक्रम
- सामाजिक सेवा कार्यक्रम (Community Service, Blood Donation)
- Field Visit, Educational Tour, Industrial Tour
- Health Awareness कार्यक्रम, वृक्षारोपण तथा Cleanliness अभियान

४. प्रशासनिक तथा संस्थागत विकास कार्यक्रम

- ३ वर्षे Master Plan निर्माण
- शिक्षक तथा कर्मचारी Capacity Development Training
- Infrastructure सुधार तथा व्यवस्थापन (Classroom, Library, Lab)
- EMIS (Educational Management Information System) खारेजी/अपडेट
- क्याम्पसका Internal Policy, नियमावली परिमार्जन
- Budget Planning, Audit तथा Financial Transparency प्रणाली सुधार
- Scholarship प्रणाली व्यवस्थापन तथा विस्तार
- Monitoring, Supervision तथा Annual Review Meeting

५. साझेदारी तथा समन्वय कार्यक्रम

- अभिभावक-शिक्षक अन्तरक्रिया (PTM) को वार्षिक सञ्चालन
- स्थानीय निकाय, विद्यालय, कम्पनी तथा NGO/INGO सँग सहकार्य विस्तार
- Internship Program / Apprenticeship Program संचालन
- Community Engagement तथा Outreach Program
- विश्वविद्यालय तथा बोर्डसँग निरन्तर समन्वय

६. प्रविधि तथा नवप्रवर्तन कार्यक्रम

- ICT Based Teaching/Learning विस्तार
- Smart Classroom स्थापना र सञ्चालन
- e-Library तथा Digital Learning Resources विकास
- Research & Innovation Lab स्थापना (यदि सम्भव)
- Online Learning, LMS, EMIS प्रणाली विस्तार
- शिक्षक-विद्यार्थीका लागि ICT क्षमता विकास तालिम

**७. कृषि [illegible] सहकारी संस्थाको व्यवस्थापन सञ्चालक समिति**

यस संस्थाको सञ्चालक समिति निम्नानुसार रहेको व्यहोरा [illegible] गराउन चाहन्छु।

| | | |
|---|---|---|
| १। | श्री मित्र राज भट्ट | अध्यक्ष |
| २। | श्री [illegible] जोशी | सदस्य |
| ३। | श्री नारी सिंह साउद | सदस्य |
| ४। | श्री भिम राज भट्ट | सदस्य |
| ५। | श्री देव राज जोशी | सदस्य |
| ६। | श्री भवि दत्त मिश्र | सदस्य |
| ७। | श्री शेर बहादुर साउद | सदस्य |
| ८। | श्री जयन्ती रावल | सदस्य |
| ९। | श्री तेज बहादुर साउद | सदस्य |
| १०। | श्री दुर्गा जोशी भट्ट | सदस्य |
| ११। | श्री नमित रावल | सदस्य |
| १२। | श्री नाथ देव जोशी | प्राध्यापक प्रतिनिधि |
| १३। | नरेन्द्र सिंह धामी | वि. वि. [illegible] प्रतिनिधि |
| १४। | श्री करण प्रसाद भट्ट | [illegible] प्रतिनिधि |
| १५। | श्री मान राज विनोला | सदस्य सचिव |

८. कृष्ण बैजनाथ बहुमुखी क्याम्पसमा कार्यरत प्राध्यापक तथा कर्मचारीहरुको विवरण :

यस क्याम्पसमा कार्यरत प्राध्यापक तथा कर्मचारीहरुको विवरण यस प्रकार छ ।

| क्र.स | नाम | पद | शैक्षिक योग्यता | संकाय | अध्यापन गर्ने विषय |
|---|---|---|---|---|---|
| १ | श्री भव राज निरौला | क्याम्पस प्रमुख | एम.बी.ए, बी.एड | व्यवस्थापन | वित्तशास्त्र |
| २ | श्री हिरा प्रसाद पन्त | सहायक क्याम्पस प्रमुख | एम.ए, एम.एड | शिक्षा शास्त्र | नेपाली शिक्षा |
| ३ | श्री हरेन्द्र बहादुर भाट | व्यवस्थापन संकाय प्रमुख | एम.एस. सी, बी.एड | व्यवस्थापन | तथ्याङ्कशास्त्र |
| ४ | श्री वामदेव जोशी | शिक्षा शास्त्र संकाय प्रमुख | एम.एड, एल.एल.बी | शिक्षा शास्त्र | शिक्षाको आधार |
| ५ | श्री देवराज जोशी | उप-प्राध्यापक | एम.एड | शिक्षा शास्त्र | स्वास्थ्य शिक्षा |
| ६ | श्री गणेश बहादुर ऐर | उप-प्राध्यापक | एम.बी.एस, बी.एड | व्यवस्थापन | लेखा शास्त्र |
| ७ | श्री बिर सिंह धामी | उप-प्राध्यापक | एम.एड | शिक्षा शास्त्र | नेपाली शिक्षा |
| ८ | श्री दिपेन्द्र प्रसाद जोशी | उप-प्राध्यापक | एम.बी.एस, बी.एड | व्यवस्थापन | बजारशास्त्र |
| ९ | श्री लोकेन्द्र राज अवस्थी | उप-प्राध्यापक | एम.ए | व्यवस्थापन | अंग्रेजी शिक्षा |
| १० | श्री शंकर दत्त जोशी | सहायक-प्राध्यापक | एम.एड | शिक्षा शास्त्र | अंग्रेजी शिक्षा |
| ११ | श्री कृष्ण दत्त अवस्थी | सहायक-प्राध्यापक | एम.एड | शिक्षा शास्त्र | नेपाली शिक्षा |
| १२ | श्री महेश प्रशाद भट्ट | सहायक-प्राध्यापक | एम.बी.एस, बी.एड | व्यवस्थापन | लेखा शास्त्र |
| १३ | श्री ज्ञानेश्वरी कु.जोशी | सहायक-प्राध्यापक | एम.बी.एस | व्यवस्थापन | मानव संसाधन व्यवस्थापन |
| १४ | श्री गीता भट्ट | सहायक-प्राध्यापक | एम.एड | शिक्षा शास्त्र | स्वास्थ्य शिक्षा |
| १५ | श्री राजेन्द्र प्रसाद जोशी | सहायक-प्राध्यापक | एम.ए | व्यवस्थापन | अर्थशास्त्र |
| १६ | श्री महेश राज भट्ट | सहायक-प्राध्यापक | एम.ए | शिक्षा शास्त्र | अंग्रेजी शिक्षा |
| १७ | श्री मोहनचन्द्र जोशी | सहायक-प्राध्यापक | एम.एड | शिक्षा शास्त्र | अंग्रेजी शिक्षा |
| १८ | श्री कालिन्दी जोशी | सहायक-प्राध्यापक | एम.ए | शिक्षा शास्त्र | अंग्रेजी |
| १९ | श्री महेश प्रसाद अवस्थी | सहायक-प्राध्यापक | एम.एड | शिक्षा शास्त्र | स्वास्थ्य शिक्षा |
| २० | श्री ईश्वर दत्त जोशी | शिक्षण सहायक | एम.बी.एस | व्यवस्थापन | वित्तशास्त्र |
| २१ | श्री किशोर कुमार जोशी | लेखापाल | बी.ए.(अर्थशास्त्र) | | |
| २२ | श्री गणेश प्रसाद पन्त | कम्प्यूटर अपरेटर | बि.सि.ए./बि. एड. | | |
| २३ | श्री भुवन ऐर | पुस्तकालय सहायक | आइ कम | | |
| २४ | श्री कृष्णानन्द भट्ट | कार्यालय सहयोगी | साक्षर | | |
| २५ | श्री गणेश भट्ट | कार्यालय सहयोगी | आइ.एड. | | |

९. कृष्ण बैजनाथ बहुमुखी क्याम्पसको स्व. वि. यू पदाधिकारीहरुको विवरण :

यस क्याम्पसको स्व. वि. यू पदाधिकारीहरुको विवरण यस प्रकार छ ।

| सि. नं. | नाम | पद |
|---|---|---|
| १ | श्री करन प्रसाद भट्ट | सभापति |
| २ | श्री सुरेन्द्र प्रसाद अवस्थी | उपाध्याक्ष |
| ३ | श्री मनिषा धानुक | सचिव |
| ४ | श्री दीपा भट्ट | सहायक-सचिव |
| ५ | श्री प्रविन धामी | कोषाध्यक्ष |
| ६ | श्री संगीता भट्ट | सदस्य |
| ७ | श्री हेम राज भट्ट | सदस्य |
| ८ | श्री मोहन बोहरा | सदस्य |
| ९ | श्री गणेश पाल | सदस्य |
| १० | श्री मन्जु औजी | सदस्य |
| ११ | श्री खगेन्द्र प्रसाद पन्त | सदस्य |
| १२ | श्री चेत राज भट्ट | सदस्य |
| १३ | श्री कल्पना कामी | सदस्य |
| १४ | श्री ममता खुना | सदस्य |
| १५ | श्री पूजा पाण्डेय | सदस्य |

**समाप्त**